प्रदेश सरकार
भूमि व्यवस्था, कृषि सहकारी तथा गरिवी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, कास्की

गण्डकी प्रदेश, नेपाल

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

मितिः २०७८/१२/२२

कृषि ज्ञान केन्द्र, कास्कीको आ.व.२०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालन गर्न इच्छुक कास्की जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषि समुह तथा सहकारी संस्थाले मिति २०७९/०१/०७ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल वमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन संम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| क्र.स | कार्यक्रमको नाम | सहभागी हुने आवेदक | लक्ष्य | अधिकतम अनुदानको सहयोग | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|---|---|
| १. | स्रोत केन्द्र स्थापना तथा सुदृढिकरण (दोस्रो पटक प्रकाशित) | कृषि फार्म/ कम्पनी/कृषक समुह/कृषि सहकारी | ५ वटा | कूल अनुदान रकमको बढिमा ५०% (अधिकतम) | ५ | १५०० | कम्तिमा २५० वर्ग मिटर प्लाष्टिक घर, नर्सरी घरमा न्यूनतम २००० वहुवर्षिय फलफुल विरुवा वार्षिक रुपमा हुनुपर्ने र कम्तिमा २०,००० मौसमी तरकारी वेर्ना उत्पादन हुनुपर्ने। सुन्तलाजात फलफुलको हकमा १००० मि. भन्दा माथिको स्थानमा हुनुपर्ने। |
| २. | धानको मूल वीउ उत्पादन कार्यक्रम (जेठोवुढो जात) | कृषक/कृषि फार्म/ कम्पनी/कृषक समुह/कृषि सहकारी | ५ वटा | कूल अनुदान रकमको बढिमा ५०% (अधिकतम) | ४ | २००० | बीउ उत्पादनको अनुमति लिएका वा उत्पादन गर्न इच्छुक कृषक/कृषि फार्म/ कम्पनी/कृषक समुह/कृषि सहकारी संस्थाले आवेदन दिन सक्ने। |
| ३. | धानको उन्नत वीउ उत्पादन कार्यक्रम (जेठोवुढो जात) | कृषक/कृषि फार्म/ कम्पनी/कृषक समुह/कृषि सहकारी | ५ वटा | कूल अनुदान रकमको बढिमा ५०% (अधिकतम) | ३ | १५०० | बीउ उत्पादनको अनुमति लिएका वा उत्पादन गर्न इच्छुक कृषक/कृषि फार्म/ कम्पनी/कृषक समुह/कृषि सहकारी संस्थाले आवेदन दिन सक्ने। |

**आवश्यक कागजातहरुः**

१.निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव
२.सोही प्रकृतिको कार्यक्रमका लागी अघिल्लो २ आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र
३.सम्वन्धित स्थानीय तहको सिफारिस (कार्यक्रमको दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको, सम्बन्धित वडाको सिफारिश)
४.खेती विस्तारहुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि (करार सम्झौता न्यूनतम १० वर्ष अवधिको हुनुपर्नेछ)
५.कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितीको निर्णय प्रतिलिपि, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रर्माण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपि,
६. व्यक्तिगत कृषकको हकमा नागरिकताको प्रतिलिपि

*नोटः कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यलयबाट एवं यस कार्यलयको बेवसाईट kaski.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ।*

**थप जानकारीको लागिः ०६१-४६१२५०, ९८४६३११२९३, ९८५६०३७४३५, ९८५६००१३४४, ९८५७६२१३४१ मा सम्पर्क गर्न सकिनेछ ।**

प्रमुख
अधिकृत स्तर नवौं

Scanned with CamScanner